नेपालमा औद्योगिक विकास

नेपालमा उद्योग सञ्चालन र गतिविधिका इतिहास लामो छैन । मुलुकमा उद्योग सञ्चालनको सोचको कहिले आयो भनेर खोज्दै जाने हो भने चन्द्रशमशेर जंगबहादुर राणा (शासनकाल विसं. १९५८-१९८६) को पालासम्म पुगे हुन्छ । तर, औपचारिक रुपमै विसं. १८८२ मा तत्कालीन सरकारबाट उद्योग परिषदको स्थापना भएको पाइन्छ । यद्यपि लिच्छवीकालदेखि नै घरबुना कपडा, हाते कागज, बाँसबाट बनेका वस्तुहरू, धातुबाट उत्पादित वस्तुहरू, छालाका जुत्ता, काठ तथा ढुंगा कुँद्ने कलाहरूजस्ता घरेलु उद्योगको विकास भएका थिए ।[ङ] पृथ्वीनारायण शाहको समयकालमा नेपालमा फलाम उद्योग, मुद्रा टकामारीलगायतका उद्योगको विस्तार भए ।

चन्द्रशमशेरको शासन अवधिमा देशमा उद्योग स्थापना गर्नुपर्छ भन्ने सोच केही सर्वसाधारणबाट आएको थिए । विडम्बना, चन्द्रशमशेर भने उद्योग स्थापनाको विरोधी थिए । त्यो बेला भारतमा राज्य संचालन गरिरहेको ब्रिटिस सरकारले हेटौंडामा ग्लास उद्योग स्थापना गर्ने प्रस्ताव गरेको थियो । ब्रिटिस सरकारले २७ करोड रुपैयाँ लगानी गर्ने प्रस्तावलाई चन्द्रशम्शेरले ठाडै अस्वीकारर गरिदिए । जुन उद्योग चलेको भए भारतले तत्काल खपत गर्ने सम्पूर्ण ग्लास उत्पादन गर्ने क्षमता राख्थ्यो ।

त्यस्तै, रौतहटका मुसलमान परिवारका एक व्यक्तिले आफ्नो जिविका चलाउन भन्दै एक कुटिर उद्योग चलाउन पाउँ भनेर सरकार समक्ष निवेदन दिए । 'उद्योग चलाउने भए देश निकाला गरिदिनु' भन्ने आदेश चन्द्रशमशेरबाट आयो ।[ङ]

यि केही दृष्टान्तले व्यवसायिक रुपमा घरेलु तथा ठूला उद्योग संचालन गर्ने कुरा चन्द्रशम्शेरका पालादेखि सुरु भएको भन्ने देखिन्छ । नेपालमा उद्योग चलाउनु पर्छ भन्ने प्रभाव भारतीय ब्रिटिस सरकारबाट भए पनि यहाँका शासकले भने अनुमति दिएनन् ।

चन्द्रशमशेरपछिका जुद्धशमशेर (शासनकाल विसं. १९८९-२००२) भने अलि उदारवादी थिए । उद्योग व्यवसायप्रति उनको सोच सकारात्मक थियो । त्यसैताका विसं. १९९० मा ठूलो भूकम्प गयो । जनधनको ठूलो क्षति भयो । धेरैका घर, संरचना भत्के । ठूलो क्षति भएपछि जुद्ध शमशेरले पूननिर्माणसँग देशको विकास गर्ने यही मौका हो भन्ने सोच राखे । उनले देश विकास गर्ने भन्ने छलफल त अगाडि बढाए तर कसरी हुन्छ र योजना कस्ता चाहिन्छ भन्ने सोच भने थिएन् ।

नेपालमा औद्योगिक-व्यवसायको अवधारणा नआइसकेको अवस्थमा युरोप, अमेरिकामा औद्योगिक विकास भएको खबर यहाँका शासकले सुन्न थालिसकेका थिए । खासगरी जुद्धशमशेरले बेलायतले औद्योगिक विकासमा ठूलो फट्को मारेको छ भन्ने थाहा पाएका थिए। 'बेलायतले धेरै प्रगती गरेको छ । विकास गरेको छ भन्छन् । साच्चिकै बेलायतले के चाहि गरेको रहेछ ?,' जुद्ध शमशेरलाई जिज्ञासा पलायो । उनले बेलायतले के गरेरको रहेछ भनेर बुझ्न सरदार विजयशमशेर र गुन्जमान सिंहलाई बेलायत पठाए । उनीहरूले बेलायतको भ्रमणबाट थाहा पाए भनेबेलायत भनेको औद्योगिक देश रहेछ । धेरै उद्योग स्थापना भएका रहेछन् र त्यसै कारणले देशको विकास पनि भएको रहेछ ।

यही सन्देश जुद्ध शमशेरलाई सुनाए ।

'त्यसो भए हामी पनि औद्योगिक विकास गर्ने,' जुद्ध शमशेरले निर्णय लिए ।

---

[1] नेपालमा औद्योगीकरणका समस्या, भरतमोहन अधिकारी ।

[2] योजना आयोगमा पूर्व सदस्य प्रोफेसर पुष्कर बज्रचार्यसँगको अन्तर्वार्ता

उनले नेपालमा उद्योग स्थापनाको लागि पहिलो काम कानुन निर्माणबाट गरे । त्यो बेलासम्म मुलुकमा उद्योग, कम्पनी स्थापना गर्ने, संचालन गर्ने कुनै पनि कानुनी व्यवस्था थिएन । कम्पनी स्थापना गर्न पाइने कानुन नभएकाले उनले मुलुकमै पहिलो पटक 'कम्पनी कानुन १९९३' बनाए । त्यसपछि मात्र नेपालमा कम्पनी खोल्न अनुमति दिइयो ।

कानुन त भयो तर देशमा उद्योग संचालन गर्नको लागि दक्ष जनशक्ति भने थिएन । दक्ष जनशक्ति चाहिन्छ भन्ने जुद्धशमशेरले राम्रोसँग बुझेका थिए । त्यसैले उनको दोस्रो काम 'घरेलु इलम प्रसार अड्डा' स्थापना गरे । जसको उद्देश्य सीप सिकाउनु थियो । अहिले साना, लघु तथा घरेलु विकास समिति, उद्योग विभागले गर्ने कामको सुरुवात थियो त्यो । सीप सिक्नको लागि तालिम चाहिने महसुस गरेर उक्त अड्का खेलेका थिए ।

कानुनले उद्योग स्थापना गर्न बाटो खोलिसकेको थियो । दक्ष जनशक्ति तयार हुदै थिए । अब चाहियो आर्थिक लगानी ! जुद्धशम्शेरलाई यो कुरा थाहा थियो कि, आर्थिक लगानी विना उद्योग सञ्चालन सम्भव छैन । त्यसैले उद्योगमा लगानी गर्न बैंक चाहिन्छ । उनको तेस्रो महत्वपूर्ण कामको रुपमा मुलुकमै पहिलो पटक विसं. १९९४ कात्तिक ३० गते नेपाल बैंक लिमिटेड स्थापना गरे ।

जुद्ध शमशेर उद्योग विकास गर्नको लागि चाहिने पूर्वाधार विकास गर्दै गए । पूर्वाधारसँग उद्योग स्थापना पनि हुदै गए । विसं १९९४ मा मुलुककै पहिलो औद्योगिक प्रदर्शनीसमेत भएको इतिहास पाइन्छ ।

नेपालमा पहिलो उद्योगको रुपमा विराटनगर जुट मिल, विसं. १९९३ स्थापना भइसकेको थियो । तर चाखलाग्दो कुरा यो उद्योग स्थापना भने जुद्धशमशेरको प्रयासले भने होइन । पक्कै पनि उनले बनाउको कानुनले उद्योग स्थापनाको बोटो भने खोलेको थियो ।

भारतको कटिहारमा थुप्रै उद्योग भएका लायलका भन्ने उद्योगपति थिए । त्यो बेला भारतमा स्वतन्त्रता संग्राम चलिरहेको थियो । यी उद्योगपतिले स्वतन्त्रताका लागि लडिरहेकाहरूलाई सहयोग गरिरहेका थिए ।

स्वतन्त्रता पक्षधरलाई सघाएको भन्दै तत्कालीन ब्रिटिस सरकारले रामलाल गोल्छालाई देश निकाला गरिदियो । उनी विहार जोगबनीको बाटो हुदै नेपाल छिरे । नेपाल आउँदा उनले सकेजतिको धनसम्पत्ती लिएर नेपाल छिरेका थिए । त्यही धनसम्पत्तीलाई प्रयोग गर्दै उनले 'विराटनगर जुट मिल' स्थापना गरे । पछि उद्योगलाई दर्ता गर्दा नेपाल सरकारले ७ प्रतिशत मात्र सेयर पाएको थियो । यो उद्योगलाई वि.सं २०५२ सालमा मात्र नेपाल सरकारले आफ्नो अधिनमा लिएको थियो ।

मुलुककै पहिलो उद्योग विराटनगर जुट मिल स्थपानालाई अचानक भएको (एक्सिडेन्टल्ली) मान्छन् विज्ञहरू । पहिलो ठूलो उद्योग जसरी सुरुवात भए पनि जुद्धशमशेरको प्रयासमा उद्योग स्थापनाको का मभने प्रशंसनीय नै थियो । विसं २००३ मा मोरङ सुगरमिलको स्थापना पश्चात औद्योगीकरणको प्रयास भएको पाइन्छ ।

विसं २००७ सालसम्म लगभग ६५ वटा कम्पनी दर्ता भइसकेका थिए । २००७ सालअघि दोस्रो विश्वयुद्धको विशेष परिस्थिति सिर्जना भएको अवस्थामा थियो । अभावको स्थितिमा नेपालमा केही उद्योगहरू स्थापना भए । दोस्रो महायुद्धमा मालसामानको आपूर्तिको अभावको स्थिति थियो । त्यही श्रृङ्खलामा जोडिदै विराटनगर र वीरगन्जमा उद्योगहरू स्थापना भए । राणाहरूले आफ्नै छोराभाइ भतिजाहरूलाई सेयर किन्न लगायर केही उद्योग स्थापना गरेका थिए ।

वीरगन्ज र विराटनगरमा भारतबाट कच्चा पदार्थ, मेसिनगरी सामान ल्याउन पनि सजिलो थियो । नेपालको औद्योगिककरणको पहिलो चरण यसैलाई मानिन्छ ।

त्यसपछि भने मुलुकमा क्रान्तिले छोयो, जसले गर्दा जुद्धशमशेरको उद्योग स्थापना गर्ने गतिलाई मत्थर बनायो । २००७ सालको क्रान्ति र राजनीतिक परिवर्तनले गर्दा केही समय उद्योगको विकास मत्थर

भएको थियो । पहिला स्थापना भएका कतिपय उद्योग बन्द पनि भए । राजनीतिक परिवर्तनपछि ३० वटा उद्योग मात्र राम्रैसँग चले ।

सार्वजनिक संस्थानको भूमिका (२००७ देखि २०४६ सम्म)

वि.सं. २००४ देखि २०१७ सालसम्म मुलुकको औद्योगिक विकासक्रम कछुवा गतिमै रह्यो । राजनीतिक उतारचढाबले गर्दा राज्य पनि अलमलमा थियो । निजी क्षेत्रको लगानी पनि आउन सक्ने वातावरण पनि थिएन ।

विक्रम सम्बत २० को दशकमा विश्वव्यापी अर्थतन्त्रमा केही नयाँ चरण देखा पऱ्यो । विश्व अर्थतन्त्रमा दुई धार थिए, सोभियत संघको नेतृत्व र अमेरिकी नेतृत्व । सोभियत संघको समाजवादी मोडल अघि बढेका समयमा राज्यले उद्योगधन्धा, कलकारखाना, व्यापारिक प्रतिष्ठान खोल्ने लहर चल्यो । यसैअनुसार नेपालमा पनि चीन, सोभियत संघसहितका राष्ट्रहरूको सहयोगमा सार्वजनिक संस्थानहरू खुले ।

२०४६ सालअघिसम्म कुल सार्वजनिक संस्थान ६४ वटा पुगेका थिए, त्यसमध्ये ४० वटा औद्योगिक क्षेत्रअन्तर्गत थिए । मुलुकको आद्योगिक क्षेत्रको विकास यहाँसम्म आईपुग्नुमा सार्वजनिक संस्थान अर्न्तगतका विभिन्न सेवा र उद्योगको महत्वपूर्ण भूमिका र आधार तयार गरेका थिए ।

सरकारले व्यवसाय गनुपर्छ र सरकारले 'कमान्ड एण्ड कन्ट्रोल इकोनोमी' माध्यमबाट राज्य व्यवस्थालाई अगाडि बढाउनु पर्छ भन्ने सिद्धान्तका आधारमा सार्वजनिक संस्थानको अवधारणा सुरुवात भएको हो ।

सन् १९६० देखि सन् १९९० को दशकसम्म संसारभर सार्वजनिक संस्थानहरू स्थापना भए । यो बेला स्थापना भएका सार्वजनिक संस्थान अहिले पनि काम गरिरहेका छन् । चीन, अमेरिका, युरोप, अष्ट्रेलिया, मध्यपूर्व लगायतका देशमा सार्वजनिक संस्थानको माध्यमबाट लगानी प्रभावित गरेर आर्थिक आम्दानी गरिरहेका छन् ।

सार्वजनिक संस्थान स्थापनाको सुरुवात हुनुमा मुख्यत ३ उद्देश्य थिए । पहिलो- राज्यबाट जनतालाई सुविधा दिने, दोस्रो- निजी क्षेत्रको लगानी नभएको वा लगानी गर्न नचाहने ठाउँमा सेवा दिने र तेस्रो दुर्गम क्षेत्रमा वितरण प्रणालीलाई राम्रो बनाउन र आकंस्मिकमा तत्काल सेवा उपलब्ध गराउने उद्देश्यले सार्वजनिक संस्थानको सुरुवात भएको थियो ।

मुलुकको पहिलो सार्वजनिक संस्थानका रुपमा सन् १९५२ स्थापना भएको नेपाल बैंक लिमिटेड हो, जसको उद्देश्य आर्थिक कारोबारमा सहजीकरण र खुला मौद्रिक कारोबारलाई व्यवस्थित गर्नु थियो ।

विसं. २०१३ सालदेखि योजनाबद्ध विकासको थालनीबाट औद्योगिक विकासका लागिसमेत नीतिगत व्यवस्था भएको पाइन्छ । २०१७ सालको परिवर्तनलाई सहयोग स्वरुप सार्वजनिक संस्थानको सुरुवात भएको एकथरिको राय छ । राजाले राज्य सत्ता हातमा लिएपछि रुस र चीनले नेपाललाई चाहिएको सहयोग गर्न तयार भए । त्यही परिवेशमा उद्योग स्थापना गर्न रुस र चीनले सहयोग गरेका थिए । रुसको सहयोगमा २०२१ सालमा जनकपुर चुरोट कारखाना स्थापना भएको थियो ।

त्योबेला नेपालमा आयात हुने वस्तुह मध्ये पहिलो नम्बरमा कपडा थियो भने दोस्रो नम्बरमा चुरोट थियो । चुरोटको लागि चाहिने सूर्ती खेती राम्रो भएको र अर्कोतिर आयात पनि घट्ने हुनाले रुसले चुरोट कारखाना स्थापना गरिदिएको थियो ।

विश्लेश्वरप्रसाद कोइराला प्रधानमन्त्री भएकै समयमा चीन र रसियाले सहयोग गर्ने भन्ने समझदारी भएको थियो । जुन समयमा निजी पूँजी आकर्षित भएको थिएन त्यो बेला सरकारले उद्योग खोल्नु

बाध्यकारी अवस्था थियो । चीनले कपडा कारखना, बाँसबारी जुत्ता कारखाना र दुईटा टायल कारखाना स्थापना गरिदियो ।

सन् १९९० को दशकसम्मपछि संस्थानप्रतिको अवधारणमा क्रमश परिवर्तन हुदै गयो । सरकारले व्यवसाय गर्नु हुदैन र 'कमान्ड एन्ड कन्ट्रोल इकोनोमी'को गर्नु भनेको अनावश्यक हुन्छ भन्ने सोच आयो । १९९० देखि सुरु भएको यो मान्यताका आधारमा बेलायतबाट सरकारी संस्थान निजीकरणको सुरुवात भयो । नेपालमा सार्वजनिक संस्थानलाई निजीकरण गर्नु पर्छ भन्ने अवधारण आठौं योजना (२०४९-२०५४) बाट मात्र आएको हो ।

२०२० र ३० को दशकमा विशेषतः आयात प्रतिस्थापनमुखी उद्योगहरू स्थपाना भएका थिए, णजुन दैनिक रुपमा प्रयोग हुने वस्तुहरू उत्पादन गर्ने खालका उद्योग त्यस कालखण्डमा खुलेका थिए ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि प्रजातान्त्रिक सरकार नबन्दासम्म कुनै पनि उद्योग, कम्पनी लगायतको व्यवसाय गर्न निजी क्षेत्रले लाइसेन्स लिनुपर्ने नियम थियो । लाइसेन्स प्राप्त गरिसकेपछि फेरि सामान विदेशबाट झिकाउन 'इम्पोर्ट लाइसेन्स' चाहिन्थ्यो । त्यसपछि पुनः 'फनिर्सिङ लाइसेन्स' चाहिन्थ्यो । लाइसेन्स, पर्मिट लिन पनि धेरै झमेला थियो, यो उद्योग व्यवसाय सञ्चालन, दरबार, मन्त्री, सचिव, कर्मचारीको नियन्त्रणमा थियो । यसले मुलुकमा निजीक्षेत्र फस्टाउन सकेको थिएन । लाइसेन्स लिन सोस-फोर्स चाहिन्थ्यो । यसको परिणाम केही एकाधिकारवाल फस्टाउन सके पनि औद्योगिक वातावरण बनेन ।

त्यसपछि सार्वजनिक संस्थानको व्यवस्थापन खस्किदै गयो भने अर्कोतिर निजी क्षेत्रको उदय भयो । संस्थानहरूमा राजनीतिक हस्तक्षेप, भ्रष्टचार, कर्मचारीको हालिमुहाली हुदै गयो । संस्थानको कार्य सन्तोषजनक हुन सकेन् । कति पय घाटमा गए भने के केही बन्द भए ।

नेपालमा सार्वजनिक संस्थानको विकास क्रमः

योजना	जम्मा संख्या	थपघट
योजना सुरु हुनुभन्दा पहिला (१९५६)	१	-
पहिलो योजना (१९५६-६१)	८	७
योजना नभएको अवधि (१९६१-६२)	११	३
दोस्रो योजना (१९६२-६५)	२२	११
तेस्रो योजना (१९६५-७०)	३४	१२
चौथो योजना (१९७०-७५)	६१	२७
पाँचौं योजना (१९७५-८०)	५९	-२
छैठौं योजना (१९८०-८५)	५४	-५
सातौ योजना (१९८५-९०)	६३	९
योजना नभएको अवधि (१९९०-९२)	६२	-१
आठौं योजना (१९९२-९७)	४६	-१६
नवौं योजना (१९९७-०२)	४३	-३

खुला बजार तथा उदार अर्थनीति

२०४६ सालको राजनीतिक परिर्वनपछि २०४८ सालमा प्रजातान्त्रिक व्यवस्था आरम्भ भयो । त्यसपछि मात्र मुलुकमा खुला बजार र उदार अर्थनीति अबलम्बन गरियो । त्यो बेलासम्म निजी क्षेत्रलाई आकर्षित गर्ने योजना वा सरकारी नीति थिएन ।

आठौं योजना (२०४९-२०५४)मा उद्योगक्षेत्रमा सुरक्षा र जनस्वास्थ्य तथा वातावरणसँग सम्बन्धित केही उद्योगबाहेक अन्य कुनै पनि उद्योग स्थापनाको लागि इजाजत नचाहिने र उद्योगहरूलाई विभिन्न सुविधाहरू प्रदान गर्न एकद्वार प्रणालीको व्यवस्था गर्ने नीति लिइयो भने विदेशी लगानीकर्तालाई आकर्षित गर्न नयाँ विदेशी लगानी नीति लागू भयो ।

यससँगै मुलुकमा उद्योग व्यवसायमा रहेका बाधाअड्चनलाई हटाउने कामको सुरुवात गरियो । नेपालको आफ्नो विगतका अनुभव, छिमेकी देशमा आएको परिवर्तनहरू, विश्वव्यापी लहरको प्रभावले गर्दा उद्योग व्यवसायमा लाग्दै आएको लाइसेन्स प्रथा खारेज भयो ।

२०४८ सालमा बनेको प्राजातान्त्रिक सरकारबाट आद्योगिकरणको लागि विशेष पहल गरेको देखिन्छ । 'नेगेटिभ लिष्ट'मा भएका उद्योगहरू जस्तै स्वास्थ्यलाई हानिकारक, पर्यावरणलाई हानिकारक, सुरक्षासँग सम्बन्धित उद्योग बाहेक अरु उद्योगलाई लाइसेन्स नचाहिने व्यवस्था २०४८ सालमा बनेको सरकारले गरेको थियो । लाइसेन्स प्रथालाई हटाउँदै 'ओपन जनरलाइज लाइसेन्स' (ओजिएल) सुरु भयो ।

त्यो बेलासम्म विदेशी लगानीमा पनि प्रतिबन्ध लगाइएको थियो । नयाँ व्यवस्थासँगै शर्तहरू सहित वैदेशिक लगानीलाई पनि खुला गरियो । मेडिकल कलेजहरू, शैक्षिक क्षेत्र हाइड्रो, टेलिकमुनिकेसन, बैंकिङ, इन्सुरेन्स लगायतका क्षेत्रमा स्वदेशी-विदेशी लगानीलाई खुला गरियो । यी क्षेत्रमा निजी पुँजीलाई पनि खुला गरियो । हवाई क्षेत्रमा भएको प्रतिवन्ध हटाइयो । आमसंचर, दूरुसञ्चारका क्षेत्रमा जहाँ जहाँ प्रतिवन्ध थिए ती हटाएपछि निजी क्षेत्र खुला वातावरणमा विस्तारित हुन थाले ।

विदेशी लगानी खुला गरिएपछि बहुराष्ट्रिय कम्पनीहरू नेपालमा आउन थाले, त्यसलगत्तै डाबर, कोल्गेट पाल्भोलिभ, नेपाल लिभर जस्ता विश्व प्रसिद्ध ब्रान्डहरू नेपालमा प्रवेश गरेका थिए । स्वदेश लगानीमा पनि ठूला तथा मझौला उद्योगहरू खुल्न थाले । आर्थिक वर्ष २०४९/५०को अन्त्यसम्ममा वैदेशिक लगानीका ६४ वटा उद्योगहरू खुलेका थिए ।

त्यसअवधिमा आधा दर्जन जति ठूला चिनी उद्योग, तीन चार दर्जन फुटवयर उद्योगहरू आए । नेपालमा उत्पादन क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान ६ प्रतिशबाट बढेर ९ प्रतिशतसम्म पुग्यो ।

हुन त संस्थागत रुपमा मुलुकमा निजी क्षेत्रको उदय २०२२ सालदेखि नै भइसकेको थियो । उक्त वर्ष हालको नेपाल उद्योग वाणिज्य महासंघको स्थापना भएको थियो । महासंघको स्थापना गर्दा यसको उद्योग वाणिज्य संघका रुपमा काठमाडौं, विराटनगर, वीरगन्ज र बुटवलमा मात्र थिए । चार संघ मिलेर निजी क्षेत्रकै छातासंगठन रुपमा उद्योग वाणिज्य संघ स्थापना गर्ने निर्णय सहित लोकमान जोशीको संयोजकत्वमा एक समिति बनेको थियो । उक्त समितिले राजा महेन्द्रको उपस्थितिमा एक समारोहबीच तत्कालीन नेपाल उद्योग वाणिज्य संघ स्थापना भएको घोषणा गरिएको थियो

औद्योगिक क्षेत्र र सेज

मुलुकको औद्योगिक क्षेत्रको विकासमा औद्योगिक क्षेत्रहरूको भूमिकालाई पनि बिर्सन सकिदैन । औद्योगिक क्षेत्रहरूभित्र मुलुकमा केही निजी क्षेत्रका र सरकारी उद्योग स्थापना भएका थिए । विसं. २०२० देखि २०४० सम्ममा ११ वटा औद्योगिक क्षेत्र स्थापना भए, त्यसमध्ये १० वटामा स्वदेशी तथा विदेशी उद्योगहरू सञ्चालनमा रहेका छन् ।

वि.स. २०१९ (सन् १९६०) सालमा बालाजु औद्योगिक क्षेत्रको स्थापना गर्दै नेपालमा औद्योगिक क्षेत्रको स्थापनाको सुरुवात भएको थियो । तत्कालीन पञ्चायत सरकारले अमेरिकी सहयोग नियोगको

सहयोगमा देशको सन्तुलित आर्थिक विकास गर्ने लक्ष्य राखेर बालाजु औद्योगिक क्षेत्रको स्थापना भएको थियो ।

मुलुकमा उद्योगधन्दा स्थापना गर्ने उद्देश्य सहित भारतको सीमा क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना भएका देखिन्छन् । उद्योगको लागि चाहिने कच्चापदार्थ भारतबाट ल्याउन, उत्पादन गर्न र बिक्री गर्न सजिलो होस् भनेर सिमा क्षेत्रमा स्थापना भएका हुन् । साथै, ती औद्योगिक क्षेत्रहरू विभिन्न तत्कालीन पाँचै विकास क्षेत्रमा सन्तुलित हुने गरेर स्थापना गरिएको देखिन्छ, तर पूर्वाञ्चलको धनकुट्टामा स्थापित औद्योगिक क्षेत्र सञ्चालन नै हुन सकेन ।

औद्योगिक क्षेत्रको स्थापना गर्नुको अर्को प्रमुख कारण भनेको असंगठित रुपमा रहेको निजी क्षेत्रलाई व्यावसायिक रुपमा उद्योग क्षेत्रमा लगानी आकर्षित गर्नु पनि थियो । यसका लागि सबै पूर्वाधार विकाससहित औद्योगिक क्षेत्र स्थापना भएका हुन् ।

सन् १९६३ मा औद्योगिक क्षेत्र भारतको सहयोगमा स्थापना भएको थियो । त्यसै वर्ष अमेरिकी सहयोगमा हेटौंडा औद्योगिक क्षेत्र, १९७३ मा भारतको सहयोगमा नेपालजन्ज औद्योगिक क्षेत्र स्थापना भयो । सरकारको आफ्नै पहलमा १९७४ मा पोखरा औद्योगिक क्षेत्र, १९७६ मा बुटबल औद्योगिक क्षेत्र स्थापना भए । त्यसैगरी १९७९ मा जर्मनीको सहयोगमा भक्तपुर औद्योगिक क्षेत्र, नेदरल्यान्डको सहयोगमा १९८१ मा वीरेन्द्रनगर औद्योगिक क्षेत्र र १९८६ मा भारतको सहयोगमा गजेन्द्रनारायण औद्योगिक क्षेत्र स्थापना भएका थिए । गजेन्द्रनारायण औद्योगिक क्षेत्र भने पूर्ण रुपमा सञ्चालनमा छैन ।

यी औद्योगिक क्षेत्रहरू औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड (सार्वजनिक संस्थान) का मातहतमा छन् । २०४० सालसम्म आइपुग्दा ११ देशका विभन्न ठाउँमा औद्योगिक क्षेत्र स्थापना भइसकेकामा त्यसपछि थप औद्योगिक क्षेत्र स्थापना भएनन् ।

औद्योगिक क्षेत्रहरूमा उद्योग स्थापनाका लागि आवश्यक पर्ने पूर्वाधार जमिन, औद्योगिक भवन, सडक, विद्युत, पानी, ढल तथा अन्य सुविधाहरू एकिकृत रुपमा उपलब्ध छन् । आयात प्रतिस्थापन, निर्यात वद्धि, स्थानीय सीप र साधनको परिचालन, रोजगारी सिर्जना गर्दै उद्योगहरूको प्रवर्द्धन एवं विकासमा योगदान पुऱ्याउनु औद्योगिक क्षेत्रको उद्देश्य हो ।

विशेष आर्थिक क्षेत्र (सेज)

सर्वप्रथम अमेरिकाको न्यूयोर्कमा सन् १९३२ मा 'फ्रि ट्रेड जोन' (एफटीजेट) को रुपमा विशेष आर्थिक क्षेत्रको स्थापना भएको इतिहास छ । पहिलो विशेष आर्थिक क्षेत्र पनि अमेरिकामा 'प्युर्टो रिभो' नाममा सन् १९४७ मा स्थापना भएको थियो । विशेष आर्थिक क्षेत्रको अन्तराष्ट्रिय परिदृष्यलाई नियाल्दा सन् १९७० को दशकसम्म ३० देशमा सञ्चालित भएको पाइन्छ । त्यसपछि यसको तीव्र विकास हुदै सन् २०१४ सम्म १२० भन्दा धेरै देशहरूमा स्थापना भइसकेको छ ।[घ]

यसै विषयलाई मध्यनजर गरेर नेपालको औद्योगिक नीति- २०४९ र औद्योगिक व्यवसाय ऐन,-२०४९ ले औद्योगिक पूर्वाधार निर्माणअर्न्तगत विशेष आर्थिक क्षेत्रको अवधारणालाई आत्मसात गरेको देखिन्छ । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडअन्तर्गत सञ्चालित औद्योगिक क्षेत्रहरू कुनै न कुनै हिसाबले विशेष आर्थिकको अवधारणासँग मेल खाएको देखिन्छ ।

---

[3] *उद्योग र विकास, अंक १, २०७१*

विशेष आर्थिक क्षेत्र तथा निर्यात प्रशोधन क्षेत्रको रुपमा नीतिगत रुपमा प्रभावकारी व्यवस्थाको सिलसिला हेर्ने हो भने नेपालको वाणिज्य नीति २०६५ र औद्योगिक नीति २०६७ बाट मात्र यस क्षेत्रलाई पर्याप्त ध्यान दिन थालेको पाइन्छ ।

सरकारले निर्यात प्रवर्द्धन गर्ने उद्योगहरूलाई प्रोत्साहन गर्ने उद्देश्य विशेष आर्थिक क्षेत्र (सेज) स्थापना गर्ने योजना अगाडि बढाइरहेको छ । आर्थिक वर्ष २०६५/६६ देखि नै सेज स्थापना गर्ने योजनाअघि बढाएको भए पनि हालसम्म भैरहवामा मात्र यसको निर्माण सम्पन्न भइ, उद्योग सञ्चालनका लागि तयारी भइरहेको छ । यसबाहेक बाराको सिमरासहित एक दर्जनभन्दा बढी ठाउँमा विशेष आर्थिक क्षेत्रमा भौतिक पूर्वाधारको काम भइरहेको सरकारले बताउँदै आएको छ ।

हालैमात्र सरकारले उद्योग मन्त्रालयलमार्फत सात विकास क्षेत्रमा सातवटा ठूला स्तरका औद्योगिक क्षेत्र स्थापना गर्ने कार्यक्रम अगाडी सारेको छ ।

निर्यात व्यवसायको सुरुवात

सन् १९५९ मा तिब्बतमा भएको राजनीतिक परिवर्तनपछि धेरै तिब्बतीहरू नेपाल प्रवेश गरे । शणार्थीको रुपमा आएका उनीहरू लामो समय बस्ने अवस्था देखिएपछि तिनका लागि विभिन्न दातृ संस्थाले सीप विकासका कार्यक्रम सञ्चालन गरेका थिए ।

त्यसमध्ये स्विजरल्यान्ड सरकारको सहयोग अग्रणी देखिन्छ । तिब्बती शरणार्थीलाई लक्षित गरेर स्वीस परियोजनाअन्तर्गत ललितपुरको एकान्तकुनामा स्सन् १९६७ मा 'ह्यान्डीक्राफ्ट ट्रेनिङ सेन्टर' थापना गरे । उक्त सेन्टर तिब्बती शणार्थीहरूलाई आर्थिक क्रियाकलापमा संलग्न गराउन लागि स्थापना गरिएको थियो । त्यहाँ तालिममध्ये एउटा थियो 'कार्पेट बुनाइ' । तिब्बतीहरूको परम्परागत पेशा र सीप पनि गलैंचा बुनाइ नै हो । नेपालमा कार्पेट व्यवसाय सुरु नहुदै 'लासा साहु' भन्नेहरूले तिब्बतबाट उनी गलैंचा ल्याउने गर्थे ।

तिब्बती शरणार्थीहरूलाई तालिम दिन सुरु भएसँगै काठमाडौंमा कार्पेट व्यवसाय सुरु भएको हो । काठमाडौंमा गलैंचा (कार्पेट) बुन्न थालेको १० वर्षसम्म निर्यात हुन सकेको थिएन । कार्पेट प्रदर्शनी र आन्तरिक व्यवसाय भने राम्रै सुरुवात भइसकेको थियो । कार्पेट प्रदर्शनी खासगरी काठमाडौं इन्द्रचोकदेखि जनगालसम्म हुन्थ्यो । सानो करिडोरमा झ्यालझ्यालबाट झुन्डाएर कार्पेट प्रदर्शनीमा राखिन्थ्यो । त्यसलाई राखी बजार भनिन्थ्यो ।

त्यसगरी प्रदर्शनीमा राख्दा नेपाल घुम्न आएका विदेशीको आँखामा कार्पेट पर्न थाले । उनीहरूले नेपाली कार्पेटलाई मन पराए र फाट्टफुट्ट किन्न थाले । त्यो बेला कार्पेट विदेशी पर्यटकले किन्छन् भन्ने व्यवसायीलाई थाहा थिएन । स्थानीय उत्पादन भएकाले स्थानीय उपभोक्ताको लागि मात्र हो भन्ने सोच थियो । विदेशी पर्यटकले किन्न थालेपछि भने यहाँको उत्पादनलाई प्रत्यक्ष ठूलो फाइदा भयो । कार्पेटलाई पनि राम्रो बनाउँदै ६० नटवाला कार्पेट बनाउन थालियो ।

सन् १९७७ तिर विश्वको कार्पेट निर्यात गर्ने देश मोरक्कोको अर्थतन्त्र धरासायी भयो । त्यसको फाइदा नेपाललाई भयो । अन्तराष्ट्रिय बजारमा उनीहरूको कार्पेटको हालिमुहाली थियो । मोरक्कोको अर्थतन्त्र धरासायी हुने र नेपालको कार्पेट उद्योग फस्टाउँदै जाने काम एकै पटक भयो । सन् १९८० र ९० को दशकसम्म नेपाली कार्पेट उद्योग दिन प्रतिदिन उकालो लागिरह्यो । मोरक्को कार्पेटले लिएको बजार नेपाली कार्पेटले लिन थाल्यो । नेपाली कार्पेटको युरोपेली देशमा निर्यात बढी हुन थाल्यो । खासगरी जर्मनीमा धेरै यहाँको हाते बुनाइ भएका कार्पेट बढी रुचाइएको थियो ।

सन् १९९४ सम्म मुलुकमा १० हजारभन्दा धेरै गलैंचा उद्योग खुलिसकेका थिए भने ४ लाखभन्दा धेरैले प्रत्यक्ष रोजगारी पाएका थिए । त्यो बेलामा ३६ लाख स्वायरमिटर (३.६ मिलियन क्वायर मिटर) सम्म कार्पेट निर्यात भएको थियो ।

उकालो लागेको कार्पेट निर्यात व्यवसाय थामिन सकेन् । ९० दशकको अन्तिमतिरबाट नेपाली कार्पेट धरासायी हुन थाल्यो हो । ३६ लाख स्वायर मिटरसम्म निर्यात भएको कार्पेट अहिले ३ लाख स्वायर मिटर वरिपरी निर्यात भइरहेको छ ।

यहाँको धरासायी हुनुका पछाडि केही कारण छन् । पहिलो हो, रगमार्क फाउन्डेसन नामक अन्तर्राष्ट्रिय संस्थाले नेपालको कार्पेट उद्योगबारे पश्चिमा बजारमा लगातार नकारात्मक सन्देश फैलाउने काम गऱ्यो । रगमार्कसहित दुई संस्थाले नेपालको कार्पेटमा बाल श्रमिक प्रयोग भएको छ भनेर १५ मिनेटको दुई भिडियो बनाएर जर्मनीमा देखाउने काम गरे । नेपालका गलैंचा उद्योगमा न्यूनमात्रामा बालश्रमिक प्रयोग भए पनि प्रचार सामग्रीमा भने सबै उद्योगमा बालश्रमिक प्रयोग भएको छ भन्ने सन्देश प्रवाह गरियो ।

नेपाली कार्पेट धरासायी हुनुको अर्को कारण 'झिन्डु' प्रयोग गर्नु हो । झिन्डु भनेको टुक्राटाक्रीा ऊनलाई गासेर नयाँ धागो बनाइएको धागो हो । जसलाई पुन प्रयोग गरेर कार्पेट बनाइयो जुन सक्कली धागो जस्तो बलियो हुदैन । त्यसैगरी, 'भेजिटेवल डाइज' प्रयोग गर्छौं भनेकोमा केमिकल डाइज पनि प्रयाग भयो ।

त्यसबाहेक भारतबाट मेसिनमा बुनेका कार्पेट नेपाली नाममा युरोपेली बजारमा पठाउन थालियो । यहाँभित्रै पनि कार्पेट व्यवसायमा अस्वस्थ प्रतिस्पर्धा बढ्यो जसले धराशाही हुने बाटोमा डोऱ्यायो ।

तयारी पोशाक (गार्मेन्ट)

अविकसित देशबाट टेक्सटाइल र कपडाका उत्पादन विकसित देशमा निर्यात गर्न सुविधा दिनको लागि १९७४ देखि २००४ सम्म लागू भएको मल्टिफाइभर एरेन्जमेन्ट (एमएफए) अन्तर्गत नेपालले आफ्नो तयारी पोशाक (गार्मेन्ट) निर्यातबाट राम्रै आर्जन गर्ने अवसर प्राप्त गरेको थियो । सन् २००५ मा उक्त व्यवस्था अन्त्य भएपछि निर्यात कोटा लागू भयो ।

एमएफएनको व्यवस्था कार्यान्वयनमा रहँदासम्म भारतको लागि निर्यात कोटा लागेको थियो भने अतिकम विकसित मुलुक भएका नाताले नेपाली उत्पादनका कोटा थिएन । यही फाइदा उठाउँदै भारतबाटै 'मेड इन नेपाल' भनेर कपडा निर्यात हुन थाल्यो । पछि यस्तो गर्न पाइदैन भनेर विरोध आएपछि भारतीय निर्यातकर्ता नेपाल आएर यहाँ उत्पादन आधार विस्तार गरे । नेपाललाई प्राप्त सुविधालाई उपभोग गर्न उनीहरूले यहाँ उत्पादन आधार विस्तार गरेका थिए /

सन् १९८२ तिर भारतबाट नेपाल छिरेका व्यवसायीहरूले नेपालमा गार्मेन्ट उद्योग स्थापना गरे । ती लगानीकर्ताहरू आफ्ना कामदार, प्रविधि, कच्चा पदार्थ सहित नेपाल छिरेका थिए । विस्तारै नेपालीले पनि यसको सिको गर्दै गार्मेन्ट उद्योग सञ्चालन गर्न थाले ।

यसको निर्यात यति राम्रो भयो कि सन् १९९९ मा गार्मेन्टले कार्पेटलाई उछिनेर नेपालको नम्बर एक निर्यात वस्तु भयो । सन् २००५ पछि नेपालाई पनि कोटा लाग्यो, तर त्यसपछि पनि निर्यातमा त्यति धेरै गिरावट भने आएको पाइएन । नेपालबाट १३ अर्ब रुपैयासम्मको गार्मेन्ट निकासी भएको थियो ।

सन् १९९५ मा विश्व व्यापार संगठन (डब्लुटीओ) स्थापना भयो । डब्लुटीओको स्थापनासँगै निर्यात व्यापारमा विभिन्न नियम र शर्तहरू लागू भए । नेपाल सन् २००४ मा सो संगठनको सदस्य भएपछि अतिकम विकसित मुलुकले पाउने सुविधा भए पनि नेपालले प्रतिस्पर्धी बजारमा आफूलाई सशक्त उभाउन सक्नु पर्थ्यो । तर अन्तर्राष्ट्रिय स्तरको सामान उत्पादनदेखि ऐन कानुनमा पारदर्शिता ल्याउन नसक्दा एवं विश्व बजारमा आफूलाई प्रतिस्पर्धी बनाउन नसक्दा नेपालले विश्व बजारमा लिएको गार्मेन्टको बजार गुमाउँदै गयो ।

बंगलादेशको गार्मेन्ट उद्योग विश्वकै उदाहरणीय मानिन्छ । त्यहाँ यो उद्योगको सुरुवात कोरियाली उद्यमीहरूले गरिदिएका हुन् । कोरियाली प्रविधी उत्कृष्ट मानिन्छ । नेपालमा भने कार्पेट, गार्मेन्ट र अन्य

घरेलु वस्तु उत्पादनमा उच्च प्रविधि प्रयोग हुन सकेन । प्रविधि हस्तान्तरणको बाटो पनि खोलिएन । यसले गर्दा विदेशका अत्याधुनिक प्रविधि भित्रन सकेन् ।
नेपालमा लागत बढी हुदा नेपाली गार्मेन्टले अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्नेन् । सन् २००६ मा बंगलादेशले ५७ प्रतिशतसम्म लागत मूल्य झारेको थियो । त्यही भएर अहिलेसम्म एक नम्बरमा टिकिरहेको छ । यसका अलावा नेपालले वैकल्पिक बजार पनि खोज्न सकेन ।

पश्मिना

नेपालमा पश्मिनाको व्यवसायिक सुरुवात कास्मिरमा काम गरेर फर्केका नेपालीबाट भएको हो, पश्मिना बुनाइ सिकेर नेपाल आएका कालिगढहरूकै माध्यमबाट नेपालमा पश्मिना व्यवसाय भित्रिएको हो ।
राम्रो सम्भावना बोकेको पश्मिना पनि विभिन्न कारणले प्रतिष्पर्धामा टिक्न सकेन । गलैंचा र तयारी पोशाकमा जस्तै गुणस्तरमा ध्यान दिन नसक्दा यसको बजार खस्किएको हो ।
पहिला नेपालमा पश्मिना 'कटन'मा बनाउने चलन थियो । त्यसले गर्दा यसको गुणस्तर राम्रो थिएन । पछि यो रेशममा बनाउन थालेपछि यहाँ आउने विदेशीहरूले मन पराउन थाले । विशेषगरी बेलायती महारानीले सार्वजनिक समारोहमा नेपाली पश्मिनाको सल लगाएपछि यसको ख्याति चुलिन थालेको हो ।

उद्योग सम्बन्धी ऐन, कानुन, नीतिको विकासक्रम

कम्पनी ऐन

नेपालमा कम्पनी ऐनको इतिहास धेरै पुरानो छ । वि.सं. १९९४ को नेपाल बैंक कानुनमा खड्ग निशाना लागू भइ बैंक लिमिटेडको स्थापना भएसँगै यसको सुरुवात भएको मानिन्छ । कम्पनीहरू दर्ता गर्ने कार्य सुरुवात भएसँगै यस सम्बन्धी कानुनी गतिविधि पनि बढ्दै गयो । लामो समयसम्म कम्पनी दर्तासम्बन्धी कार्यहरू विभिन्न ऐनअन्तर्गत र विभिन्न निकायअन्तर्गत भइरहेका थिए । यस क्रममा नेपालमा कम्पनी दर्तासम्बन्धी कार्यक्रहरू उद्योग विभाग, घरेलु तथा साना उद्योग विभाग जस्ता विभिन्न निकायबाट हुने गरेका थिए । यी विभिन्न निकायबाट विभिन्न ऐनअर्न्तगत दर्ता हुने र प्रशासन हुने कारणबाट कम्पनीको दर्ता र प्रशासन कार्यमा विविधता र जटिलता पैदा हुने हुन्थ्यो । त्यसबाट काम कारवाहीमा अन्योल र एक आपसमा नमिल्दो खालतको स्थिती सृजना हुने गर्थ्यो । त्यस कुरालाई हटाइ कम्पनीहरूलाई एकै ऐनबाट बर्गिकरण गरी त्यस आधारमा दर्ता गर्ने र प्रशासन गर्ने उद्देश्य लिएर कम्पनी ऐन २०५३ मा जारी भएको थियो ।
यसअघि २०४९ सालमा कम्पनी रजिष्ट्रार कार्यालयको रुपमा बेग्लै कार्यालय खडा भएको थियो । यस कार्यालयले विभिन्न निकायबाट दर्ता तथा प्रशासनका काम गरिने कम्पनीहरूलाई एकै कार्यालयबाट सेवा दिने व्यवस्था भयो । यसै क्रममा नेपालमा २००० साल चैत २७ गते प्राइभेट कम्पनी कानुन जारी भयो भने २००७ साल भदौ ३० गते नेपाल कम्पनी कानुन जारी भयो । यि दुई ऐनहरूलाई समयानुकुल बनाउनका लागि तिनलाई खारेजगरी २०२१ साल मंसिर १ गते कम्पनी ऐन २०२१ जारी भयो ।
यस बीचमा यस ऐनमा बेलाबेलामा आवश्यकताअनुसार संशोधन पनि गर्दै कायान्वयन गर्ने काम भयो । यसै क्रममा कम्पनीहरूको संस्थापन, सञ्चालन एवम् प्रशासनलाई सहज सुगम तथा पारदर्शी बनाउने उद्देश्यले कम्पनी ऐन २०२१ लाई खारेज गरी २०५३ साल फागुन २२ गतेदेखि कम्पनी ऐन २०५३ लागू गर्ने व्यवस्था भयो । कम्पनी रजिष्ट्रारको कार्यालय स्थापना भएपछि विभिन्न निकायहरूअर्न्तगत दर्ता भएका कम्पनीहरूलाई यसै कार्यालयमा ल्याइ एकीकृत रुपमा दर्ता र प्रशासन गर्ने कार्य प्रारम्भ भएको थियो ।

त्यसको १० वर्षपछि कम्पनी ऐन २०६३ जारी भयो । उक्त ऐनलाई संसोधन गर्दै कम्पनी ऐन २०७३ जारीभइसकेको छ ।

औद्योगिक व्यवसाय ऐन

प्रजातन्त्रको पुनर्स्थापनापश्चात भने खुला अर्थनीति अंगाल्दै औद्योगिक विकासका लागि औद्योगिक नीति २०४९ जारी भयो । त्यसै वर्ष औद्योगिक व्यवसाय ऐन, २०४९ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ जारी गरियो ।

देशको अर्थतन्त्र समुचित विकासका लागि औद्योगिक लगानीको वातावरणलाई बढी सुविधाजनक, सरल र उत्साहवर्द्धक बनाइ उत्पादकत्वमा अभिवृद्धि गरी प्रतिस्पर्धात्मक ढंगबाट औद्योगिक व्यवसायहरू फस्टाउने व्यवस्था गर्न यि नीति तथा कानुन निर्माण गरिएको थियो ।

औद्योगिक व्यवसाय ऐन २०४९ मा प्रथम संशोधन २०५४ सालमा भयो भने केही नेपाल ऐन संशोधन गर्ने ऐन मार्फत २०५५, २०५७ र २०६४ सालमा आयकर ऐन २०५८ र आर्थिक ऐन, २०६५ बाट थप संशोधन हुदै गए । द्रुततर औद्योगिक विकासको माध्यमबाट मुलुकको समग्र आर्थिक, सामाजिक क्षेत्रमा सकारात्मक परिवर्तन गर्ने अभिप्रायले समयानुकूल नीगित सुधार सहित औद्योगिक नीति २०६७ जारी गरियो ।

हाल औद्योगिक व्यवसाय ऐन २०७३ जारी भएको छ ।

अन्य ऐन कानुनहरू

औद्योगिक व्यवसाय ऐन, २०७३
राष्ट्रिय खनिज नीति, २०७४
राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३
विशेष आर्थिक क्षेत्र ऐन, २०७३
विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन
खनीज सर्वेक्षर (भत्ता तथा सुविधा) नियमहरू, २०२४
खानी तथा खनीज पदार्थ नियमावली, २०५६
नेपाल गुणस्तर (प्रमाण चिह्न) नियमावली, २०६६
विदेशी लगानी नीति, २०७१
औद्योगिक नीति, २०६७
पेटेन्ट, डिजाइन तथा ट्रेडमार्क ऐन, २०२२
खानी तथा खनिज पदार्थ सम्बन्धी ऐन २०४२
स्टाण्डर्ड नाप र तौल ऐन, २०२५
औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३
नेपाल गुणस्तर (प्रमाण चिह्न) ऐन, २०३७

उद्योग मन्त्रालय अर्न्तगतका सार्वजनिक संस्थानहरू

उदयपुर सिमेन्ट उद्योग लिमिटेड
हेटौंडा सिमेन्ट उद्योग लिमिटेड
औद्योगिक व्यवसाय विकास प्रतिष्ठान
औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
गोरखकाली रबर उद्योग लिमिटेड
घरेलु तथा साना उद्योग विकास समिति
जनकपुर चुरोट कारखाना लिमिटेड

नेपाल ओरिएन्ड म्याग्नेसाइट प्राइभेट लिमिटेड
नेपाल औषधि लिमिटेड
नेपाल मेटल कम्पनी लिमिटेड
विराटनगर जुट मिल्स लिमिटेड
बुटबल धागो कारखाना लिमिटेड
राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड